# 'सुपर थ्री' को अन्तिम खेलमा नेपाल थाइल्याण्डसँग पराजित



**हिमालय टाइम्स**

काठमाडौं, ६ जेठ

नेपाल आइसिसी महिला टी-२० विश्वकप एसिया छनोटअन्तर्गत सुपर-३ को अन्तिम खेलमा घरेलु टोली थाइल्याण्डसँग ७८ रनले पराजित भएको छ । मंगलबार बैंकको टेर्डथाइ क्रिकेट मैदानमा थाइल्याण्डले प्रस्तुत गरेको १५९ रनको लक्ष्य पछ्याएको नेपालले २० ओभर नै ब्याटिङ गरे पनि ९ विकेट गुमाउँदै ८० रनमात्रै बनाउन सक्यो ।

पहिले ब्याटिङ गरेको थाइल्याण्डले निर्धारित २० ओभरमा दुई विकेट गुमाउँदै १५८ रन बनाएको थियो । थाइल्याण्डका लागि नन्नापत कोन्चारोएनकाईले २८ बलमा आठ चौकाको सहयोगमा अविजित रहँदै ५० रनको अर्धशतकीय पारी खेल्नुभयो भने नटाया बुचथमले ४२ बलमा पाँच चौकासहित ५० रनको अर्धशतकीय इनिङ खेल्नुभयो । त्यस्तै, अपिसरा सुवान्चोराथीले २९ रन जोड्दा नथ्थकन चन्थम १५ रनमा अविजित रहनुभयो । नेपालका लागि राजमती ऐरी र मनिषा उपाध्यायले समान एक-एक विकेट लिनुभयो ।

नेपालका लागि कविता कुँवरले २४ रन बनाउनुभयो भने राजमती ऐरीले अविजित २० र रुबिना क्षेत्रीले १२ रन बनाउनुबाहेक अन्यले दोहोरो अंकमा रन जोड्न सकेनन् । थाइल्याण्डका लागि ओन्निचा कामचोम्फुले ह्याट्रिकसहित चार विकेट लिनुभयो भने थिपाचा पुथावोङले तीन र सुलेपोर्न लाओमीको भागमा समान एक-एक विकेट रह्यो ।

घरेलु टोली थाइल्याण्ड र नेपाल यसअघि नै विश्वकपको ग्लोबल छनोटमा पुगिसकेका छन् । यी दुवै टोलीले युएईलाई पराजित गर्दै विश्वकपको ग्लोबल छनोटमा आफ्नो स्थान पक्का गरेका थिए ।

# नेपालको लगातार दोस्रो जित

## अभ्यास खेलमा एमसिसी फराकिलो अन्तरले पराजित

**हिमालय टाइम्स**

काठमाडौं, ६ जेठ

बेलायत भ्रमणमा रहेको नेपाली क्रिकेट टोलीले लगातार जित निकालेको छ । दोस्रो अभ्यास खेलमा नेपालले सोमबार राती मेरिलेबोन क्रिकेट क्लब (एमसिसी) लाई १२३ रनले हरायो । यस खेलमा नेपालले दिएको ३३६ रनको लक्ष्य पछ्याएको एमसिसी ३५.३ ओभरमा २१२ रनमै अलआउट भयो । उसका लागि नोरिस र लियाम नेलरले मात्र अर्धशतकीय पारी खेल्नुभयो ।

नेपालका लागि बलिङमा सोमपाल कामीले ५ ओभरमा २४ रन दिएर सर्वाधिक तीन विकेट लिनुभयो । यस्तै, नन्दन यादव र कुशल भुर्तेलले दुई-दुई तथा रिजन ढकाल, करण केसी र बसिर अहमदले एक-एक विकेट हात पार्नुभयो । टिमका प्रमुख स्पिनर सन्दीप लामिछानेले भने दोस्रो अभ्यास खेलमा पनि बलिङ गर्नुभएन । उहाँले पहिलो म्याच पनि खेल्नुभएको थिएन ।

दोस्रो खेलमा टस हारेर ब्याटिङको मौका पाएको नेपालले एमसिसीविरुद्ध ४५ ओभरमा ३३५ रन बनाउँदै पारी समाप्तिको घोषणा गर्‍यो । नेपालका लागि उपकप्तान दीपेन्द्र सिंह ऐरी र भीम सार्कीले शतकीय पारी खेल्नुभयो । ऐरीले ६७ बलमा १२ चौका र चार छक्कासहित ११० रनको पारी खेल्नुभएको हो । नेपालका लागि एकदिवसीय प्रारूपको क्रिकेटमा उहाँले लामो समयपछि ठूलो इनिङ खेल्नुभएको हो ।



यस्तै, एमसिसीविरुद्ध भीमले ९० बलमा १० चौका र दुई छक्काको मद्दतमा १०४ रन बनाउनुभयो । यस्तै, नटआउट रहनुभएका बसिर अहमदले ३६ र करण केसीले १० रन जोड्नुभयो । तेस्रो नम्बरमा ब्याटिङ गर्नुभएका अनिलकुमार साहले ५० बलमा दुई चौकासहित २७ रनको योगदान दिनुभयो । ओपनिङ ब्याटरद्वय कुशल भुर्तेल र आसिफ शेख भने दोस्रो अभ्यास खेलमा पनि चल्नुभएन ।

एमसिसीविरुद्ध कुशल ६ र आसिफ ७ रनमा पवेलियन फर्किनुभएको थियो । यस खेलमा कप्तान रोहितकुमार पौडेलले पनि निराश बनाउनुभयो । उहाँले १० बलमा दुई रनमात्र जोड्नुभयो ।

नेपालले अब बेलायत भ्रमणअन्तर्गत २२ मेमा एकै दिन ग्लोसेस्टरशायरविरुद्ध दुई टी-२० म्याच खेल्नेछ । त्यसपछि नेपालले २६ मेमा ग्लामोर्गन क्लबविरुद्ध एकदिवसीय खेल खेल्ने तालिका छ । बेलायत टुर सकेर नेपाली टिम आइसिसी विश्वकप लिग-२ सिरिजका लागि स्कटल्याण्ड प्रस्थान गर्नेछ ।

# क्रिकेटमा पहिचान बनाउँदै बालशिक्षा मावि

**शुभाकर विश्वकर्मा/हिटा**

नेपालगञ्ज, ६ जेठ

नेपाली महिला क्रिकेटको जन्मथलो हो, बाँकेको कोहलपुर । बाँकेको कोहलपुर निवासी एलबी क्षेत्रीले सबैभन्दा पहिला महिला क्रिकेटको परिकल्पना गर्नुभएको थियो । राष्ट्रिय पुरुष टोलीका कप्तान रहिसक्नुभएका क्षेत्री नेपाली महिला क्रिकेटको सुरुवातकर्ता मानिनुहुन्छ । उहाँले वि.सं. २०६१ सालमा महिला क्रिकेट जन्माउने प्रयास थाल्नुभएको थियो ।

कुनै समय नेपाली महिला राष्ट्रिय टोलीमा बाँकेको बाहुल्यता थियो । लामो समय बाँकेका मात्रै सातजना खेलाडीले राष्ट्रिय टोलीमा राज गरेका थिए । महिला क्रिकेट जन्माएको जिल्लामात्रै होइन, बाँके सरकारी तलब खाने क्रिकेटका प्रशिक्षक भएको जिल्ला पनि हो । नेपाली महिला क्रिकेटको कुरा गर्दा बाँके, त्यसमा पनि कोहलपुरको नाम अग्रस्थानमा आउँछ । बाँकेको कोहलपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदान निर्माणाधीन अवस्थामा छ । त्यहाँ सरकारको लगानीमा महिला क्रिकेट जन्माउने उद्देश्यले एकेडेमीसमेत बन्दैछ ।

निर्माणाधीन क्रिकेट मैदानमा अहिले वर्षमा छिटफुट प्रतियोगिता हुन थालेका छन् । महिला क्रिकेट प्रतियोगितासमेत आयोजना हुँदै आएका छन् । रंगशालाले फेरि एकपटक महिला क्रिकेटर जन्माउँदैछ । खासगरी संघीयतापछि स्थानीयस्तरमा मेयर र उपमेयर कपका नाममा विभिन्न प्रतियोगिता हुँदै आएका छन् । कोहलपुरमा पनि वि.सं. २०७४ देखि उपमेयर छात्रा क्रिकेट प्रतियोगिता सञ्चालन हुँदै आएको छ । यस प्रतियोगिताले कोहलपुरमा महिला क्रिकेटलाई पुन:जागृत गराउँदैछ । स्थानीय तहका प्रतियोगिता खेलेका खेलाडीहरू उमेर समूहको राष्ट्रिय छनोटसम्म पुगिसकेका छन् ।

कोहलपुरमा महिला क्रिकेटको नाम लिंदा कोहलपुर-१३ स्थित बालशिक्षा माध्यमिक विद्यालय भरैया अग्रणी स्थानमा देखिँदै आएको छ । भरैया महिला क्रिकेटको जिल्ला च्याम्पियनसमेत हो । भरैयाको क्रिकेट यात्रा भने चौथो उपमेयर कप छात्रा क्रिकेट प्रतियोगिता २०७८ सालबाट सुरु हुन्छ । उक्त प्रतियोगिता बालशिक्षा माध्यमिक विद्यालयले व्यवस्थापन, सञ्चालन गरेको थियो । उक्त प्रतियोगितामा विद्यालयले तेस्रो स्थान हासिल गर्‍यो । यतिमात्रै होइन विद्यालयले प्रतियोगिताकै अनुशासित टिमको पुरस्कारसमेत जितेको थियो । विद्यालयका प्रधानाध्यापक टर्कबहादुर खत्री भरैयाको छात्रा क्रिकेट टिमको जन्म त्यही प्रतियोगिताबाट भएको बताउनुहुन्छ ।

त्यसअघि भरैयाले कुनै पनि औपचारिक प्रतियोगिताहरूमा भाग लिएकै थिएन । पहिलो सहभागितामै खेलाडीले राम्रो सम्भावना देखाए । विद्यालय तेस्रो स्थान हासिल गर्न सफल भयो । त्यसपछि विद्यालयले शिक्षक दीपक केसीलाई प्रशिक्षककै रूपमा जिम्मेवारी दिएको प्रधानाध्यापक खत्रीको भनाइ छ । अहिले भरैयाको टोलीले उहाँकै नेतृत्वमा प्रशिक्षण गरिरहेको छ । निरन्तर अभ्यास र प्रशिक्षक नियुक्तिको प्रभाव छैटौं उपमेयर अन्तरमावि छात्रा क्रिकेट प्रतियोगितामा देखा पर्‍यो ।

छैटौं उपमेयर कप अन्तरमावि छात्रा क्रिकेट प्रतियोगिता-२०८० मा बालशिक्षा मावि भरैया उपविजेता बन्यो । त्यसपछि खेलाडी र विद्यालयमा थप आत्मविश्वास बढेको उहाँले बताउनुभयो । नभन्दै विद्यालयले २०८१ मा दुई ठूला उपलब्धि हासिल गर्‍यो । तेस्रोपटकको सहभागितामै बालशिक्षाले सातौं उपमेयर कप छात्रा क्रिकेट प्रतियोगिता-२०८१ को उपाधि नै जित्यो । टोलीकी महत्त्वपूर्ण सदस्य सम्झना पुन प्लेयर अफ द टुर्नामेन्ट र बेस्ट बलर घोषित हुनुभएको थियो । बालशिक्षाकै हुमकली वली उत्कृष्ट ब्याटर हुनुभयो । यतिमात्रै होइन, भरैयाले जिल्लास्तरीय नेपालगञ्ज मेयर तथा उपमेयर कप-२०८१ को उपाधि जितेर आफूलाई महिला क्रिकेटको नयाँ शक्तिका रूपमा स्थापित गर्‍यो । उक्त प्रतियोगितामा पनि बालशिक्षा मावि भरैयाकी सम्झना पुन प्लेयर अफ द टुर्नामेन्ट घोषित हुनुभएको थियो । भरैयाकै सुरक्षा पुन प्लेयर अफ फाइनल घोषित हुनुभयो । लगत्तै बालशिक्षाका चारजना छात्रा क्रिकेटर सम्मिलित बाँके जिल्लाको महिला टोलीले दाङमा पिएम कप छनोट खेल्यो ।

बालशिक्षा माविका सुरक्षा पुन, सम्झना पुन, सिर्जना खड्का र पूर्णिमा डाँगीले बाँके जिल्लाको प्रतिनिधित्व गर्नुभएको थियो । भरैयाकै लक्ष्मी चन्दले समेत छनोट खेल्नुभएको थियो । उक्त प्रतियोगिताबाट भरैयाकी सम्झना पुनले लुम्बिनी प्रदेशको प्रतिनिधित्व गर्दै धनगढीमा पिएम कप खेल्नुभएको थियो । उक्त प्रतियोगितामा लुम्बिनी सेमिफाइनलसम्म पुग्यो । सम्झनाले भने उक्त प्रतियोगितामा आक्रामक खेल्नुभयो । उहाँले नेपाली राष्ट्रिय महिला टोलीकी नियमित सदस्य बिन्दु रावललाई आउट गराउनुभएको थियो । अन्य खेलाडीहरू पनि सम्झनाको कसिलो बलिङमा कमजोर देखिएका थिए ।

उक्त प्रतियोगितामा उत्कृष्ट खेल्नुभएकी सम्झनासहित भरैयाका चारजना खेलाडी सुशील कोइराला राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि छनोटमा पर्नुभएको छ । छनोट भएका अन्य खेलाडीहरू सुरक्षा पुन, सम्झना पुन र सिर्जना खड्का हुनुहुन्छ । प्रशिक्षक दीपक केसी अन्य खेलाडीभन्दा सम्झना सम्भावना बोकेकी खेलाडी भएको बताउनुहुन्छ । 'उनी बलिङ र ब्याटिङ दुवै गर्छिन् । उनी अलराउण्डरसमेत हुन् । हामीले नियमित प्रशिक्षण गराइरहेका छौं । हाम्रो विद्यालयमा थुप्रै महिला क्रिकेटर जन्मिँदैछन् । क्रिकेटमा पहिचान बनाउन हामी लागिपरेका छौं । सोहीअनुसार विद्यालयले लगानीसमेत गरिरहेको छ,' उहाँले भन्नुभयो । प्रयोगात्मक शिक्षालाई प्राथमिकता दिएको विद्यालयले खेलकुदलाई समेत प्राथमिकता दिएको प्रधानाध्यापक खत्रीको भनाइ छ ।

## कुस्ती टोली भारत जाने

**काठमाडौं ।** युडब्लुडब्लु एसियन बेल्ट कुस्ती एलिस च्याम्पियनसिपमा सहभागी हुन तीन खेलाडीसहित पाँच सदस्यीय नेपाली टोली आज (बुधबार) भारतको नयाँदिल्ली प्रस्थान गर्ने भएको छ । मे २१ देखि २६ तारिखसम्म हुने प्रतियोगितामा तीन पुरुष खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्नेछन् । खेलाडीमा सुरेश चुनारा, सुजित यादव र रामकिशोर यादव हुनुहुन्छ । तीनै खेलाडी राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले सञ्चालन गरेको मिसन-२०२६ अन्तर्गत राष्ट्रिय टिम तयारीको विशेष प्रशिक्षणमा रहेका खेलाडी हुन् । प्रशिक्षकमा मुम्ताज अली इद्रिसी हुनुहुन्छ ।

**कीर्तिपुर मार्ट प्राइभेट लिमिटेडको खारेजी (लिक्विडेसन) सम्बन्धमा हकदाबी गर्न आउने बारे सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०७/२० मा दर्ता भएको प्रा. लि. नं २०२१३४/०७५/०७६ को कीर्तिपुर मार्ट प्राइभेट लिमिटेडलाई खारेजी (लिक्वीडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८१/१०/१२ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सुशिल कुमार न्यौपाने, लिक्विडेटर**
**भक्तपुर**
**दामासाही प्र.प.नं. ४३२**
**मोबाइल नं. ९८५१०६२१२०**

## बलियो बंगलादेशविरुद्ध युएईको ऐतिहासिक जित

**शारजाह/ एजेन्सी ।** बंगलादेशविरुद्धको टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा युएईले ऐतिहासिक जित हासिल गरेको छ । सोमबार साँझ भएको खेलमा घरेलु टोली युएईले बंगलादेशलाई २ विकेटले पराजित गरेको हो । युएईले बंगलादेशलाई हराएको यो पहिलोपटक हो । अहिलेसम्म बंगलादेश युएईसँग हारेको थिएन । बंगलादेशले दिएको २०६ रनको लक्ष्य युएईले १ बल बाँकी छँदै ८ विकेट गुमाएर पूरा गर्‍यो । युएईलाई ऐतिहासिक जित दिलाउन कप्तान मोहमद वासीले विस्फोटक ब्याटिङ गर्दै सर्वाधिक ८२ रन जोड्नुभयो । मुहम्मद जोहेबले ३८ तथा आशिफ खानले १९ रन बनाउनुभयो । त्यसअघि शारजाह क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङ गरेको बंगलादेशले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर २०५ रन बनाएको थियो । उसका लागि तान्जिद हसनले ५९ रन बनाउनुभयो । तौहिद हृयदले ४५ तथा कप्तान लिटन दासले ४० रन जोड्नुभयो ।

**बागमती प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**रामेछाप अस्पताल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति: २०८२/०२/०७ गते**

यस रामेछाप अस्पतालको आ.ब.२०८१/८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रयोगशालाको लागि डाईग्नोष्टिक किट तथा रिएजेन्ट (केमिकल) खरिद कार्य गर्न मिति २०८२/०१/०१ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल अनुसारको बोलपत्र न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन,२०६३ दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रहरु स्वीकृतीको लागि सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

| क्र. सं. | सूचना नं. | कामको विवरण | मेडिकल औजार उपकरणहरुको विवरण | मोडल नं. | उत्पादक कम्पनी | स्वीकृत बोलपत्र | बोलपत्र स्वीकृत रकम रु. (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|---|---|---|
| 1 | १०-०८१/८२ | प्रयोगशालाको लागि डाईग्नोष्टिक किट तथा रिएजेन्ट (केमिकल) खरिद कार्य | AUTOMATED CLINICAL CHEMISTRY ANALYZER | XL-200 | ERBA LACHEMA S.R.O. | के एण्ड के ट्रेड कन्सर्न, त्रिपुरेश्वर काठमाण्डौ | ६,६९,६५५/- |
| 2 | | | CHEMILUMINESCENCE IMMONOLOGY ASSAY ANALYZER | iFlash 1200-A | SHENZEN YHLO BIOTECH CO.LTD | | १०,५२,३१०/- |

**नि.मे.सु.**

**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भकुण्डेबेसी, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति : २०८२/०२/०७

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८१/१२/२९ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही देखिई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबै को जानकारीका निम्ति यो आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि. नं. | बोलपत्र नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | NMUN/NCB/GOODS/2081/082-03 | Procurement of Supply, Delivery And Agricultural Equipment, (Mini-Tiller) | श्री BDS Nepal, Kathamandu-15, Swoyambhu | रु. ७१,९८,४८०।०० |

**प्रमुख प्रशासकीय अधिकृत**

**बागमती प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रलय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**भरतपुर, चितवन**

**प्राविधिक प्रस्ताव स्वीकृत तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशित मिति: २०८२/०२/०७**

यस कार्यालयबाट मिति २०८१/१२/१० गते E-Gp मार्फत सुचना प्रकाशित गरि E-Gp मार्फत मिति २०८२/०१/०९ गते १२:०० बजे भित्र दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको १:०० बजे खोलिएकोमा तपशिलमा उल्लेखित बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव योग्य रहेको देखिएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम ५ बमोजिम मिति २०८२/०२/१८ गते दिनको १०:३० बजे पूर्वाधार विकास कार्यालय, भरतपुर चितवनमा आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | |
|---|---|
| ठेक्का न.IDO/CHT/W/NCB/52/081-82 | ठेक्का न.IDO/CHT/W/NCB/53/081-82 |
| M/S BGS-Pathak and Sons J/V, Chandragiri-05, Kathmandu<br>M/S CN/OIAD/GRM Construction JV,Kalika-09, Chitwan | M/S D&B Construction, Bharatpur, Chitwan<br>M/S Saurab-J. Square Dakshya JV, Bharatpur-12, Chitwan<br>M/S Roja Construction Pvt.Ltd, Hetauda-13, Chitwan |
| ठेक्का न.IDO/CHT/W/NCB/54/081-82 | ठेक्का न.IDO/CHT/W/NCB/55/081-82 |
| M/S Friendship Construction, Piple-03, Chitwan<br>M/S Biraj and Brothers Construction Pvt.Ltd., Khairahani-06, Chitwan<br>M/S Mata Kankalini /Syarsekali /Safe Design JV, Bnp-20 Chitwan | M/S Hemant Nriman Sewa, Bharatpur, Chitwan<br>M/S Roja Construction Pvt.Ltd, Hetauda-13, Chitwan<br>M/S Shrubit-Sunstar-Skyline J.V,Ratnanagar-12, Chitwan<br>M/S Rivian-Sahil-Omi JV, Bharatpur-21, Chitwan<br>M/S Saurab-J. Square Dakshya JV, Bharatpur-12, Chitwan |
| ठेक्का न.IDO/CHT/W/NCB/56/081-82 | ठेक्का न.IDO/CHT/W/NCB/57/081-82 |
| M/S Saurab Nirman Sewa, Bharatpur-12, chitwan<br>M/S Chhimkeshwori-R.N. Safal J.V.,Madi, Chitwan<br>M/S Anakanya Nirman Sewa, Jwalamukhi-07, Dhading<br>M/S Pathak Construction and Suppliers Pvt Ltd, Madi-03, Chitwan | M/S New Bhutandevi-ALJ JV, Hetauda-10, Makwanpur<br>M/S S.B. Construction -Vision Engineering Construction Pvt.,JV KA.Ma PA-26<br>M/S Om Nirman. Sewa, Chapakhori-01, Kavre<br>M/S Dajubhai- Pathak JV, Madi-03, Chitwan |
| ठेक्का न.IDO/CHT/W/NCB/58/081-82 | ठेक्का न.IDO/CHT/W/NCB/59/081-82 |
| M/S Saurab Nirman Sewa, Bharatpur-12, chitwan<br>M/S S.B. Construction -Vision Engineering Construction Pvt., JV KA. Ma PA-26<br>M/S Pathak Construction and Suppliers Pvt Ltd, Madi-03<br>M/S Anakanya Nirman Sewa, Jwalamukhi-07, Dhading<br>M/S Chhimkeshwori-R.N. Safal J.V.,Madi, Chitwan | M/S Saurab Nirman Sewa, Bharatpur-12, chitwan<br>M/S New Bhutandevi-ALJ JV, Hetauda-10, Makwanpur<br>M/S Om Nirman Sewa, Chapakhori-01, Kavre<br>M/S Shakti Shiva - R.N. Safal J.V.,Madi, chitwan<br>M/S Pathak Construction and Suppliers Pvt Ltd, Madi-03, Chitwan |
| ठेक्का न.IDO/CHT/W/NCB/60/081-82 | ठेक्का न.IDO/CHT/W/NCB/61/081-82 |
| M/S Dynamic Construction Pvt. Ltd, Bharatpur-04, Chitwan<br>M/S Bhujel Nirman Sewa, Okhaldhunga<br>M/S Grand Infrastructure Nepal Pvt. Ltd., Gongabu, Tokha<br>M/S Pathak Prasad Gud Jv, Madi-03, Chitwan<br>M/S Jwalamukhi Construction, Neelkantha-03, Dhading<br>M/S Shivam Construction, Bharatpur-11, Chitwan<br>M/S PCS-DDNS-Milan JV, KTM-10, New Baneshwor | M/S S.B. Construction -Vision Engineering Construction ,JV Pvt.Ltd, KA.Ma PA-26<br>M/S Om Nirman Sewa, Chapakhori-01, Kavre<br>M/S L&G-Prasad- R.N. Safal J.V.,Madi, Chitwan<br>M/S Jwalamukhi Construction, Neelkantha-03, Dhading<br>M/S Gautam-Pathak JV, Madi-03, Chitwan |
| ठेक्का न.IDO/CHT/W/NCB/62/081-82 | ठेक्का न.IDO/CHT/W/NCB/63/081-82 |
| M/S M Y-DS Joint Venture, Phalewash-03<br>M/S Om Nirman Sewa, Chapakhori-01, Kavre<br>M/S Anakanya Nirman Sewa, Jwalamukhi-07, Dhading<br>M/S Garibi-Siraichuli J/V, Kalika-07, Chitwan | M/S M R & Group, Bharatpur-03, Chitwan<br>M/S Dynamic Construction Pvt. Ltd , Bharatpur-04, Chitwan<br>M/S Acharya - Kc J.V, Baglung<br>M/S Jwalamukhi Construction, Neelkantha-03, Dhading<br>M/S KBC Builders Company Pvt Ltd.Bnp-10, Chitwan<br>M/S Dhanthan -Hemanta J.V.,Bharatpur, Chitwan<br>M/S Kumar-Sunchhahari-SRP JV, Puranchaur |

**कार्यालय प्रमुख**